नगर सभाबाट पारित भएको मितिः २०८१ असार १० गते

# पञ्चदेवल विनायक नगरपालिकाको
# नीति तथा कार्यक्रम

पञ्चदेवल विनायक नगरपालिका

पञ्चदेवल विनायक नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
विनायक, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल

## आर्थिक वर्ष २०८१/८२

## मिति २०८१ असार १० गते सोमबारका दिन पञ्चदेवल विनायक नगरपालिकाको नगर सभाको १२औं अधिवेशनमा नगर प्रमुख श्री अम्बिका चलाउनेद्धारा प्रस्तुत आ.व. २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम

**नगर सभाबाट पारित भएको मितिः २०८१ असार १० गते**

यस पञ्चदेवल विनायक नगरपालिकाका नगरसभा सदस्यज्यूहरु, पञ्चदेवल विनायक नगरपालिकाको नगर सभाको बाह्रौं अधिवेशनमा यहाँहरु सबैलाई हार्दिक स्वागत गर्दछु ।

१. पञ्चदेवल विनायक नगरपालिकाको नगर प्रमुखको हैसियतले आगामी आ.व. २०८१/८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न यस सम्मानित नगरसभामा उपस्थित भएको छु । सर्वप्रथम नेपालको इतिहासमा वि.सं. २००७ सालको परिवर्तन, वि.सं. २०४६ सालको जनआन्दोलन र वि.सं. २०६२/०६३ साल लगायतका सम्पूर्ण लोकतान्त्रिक आन्दोलनहरुमा शहादत प्राप्त गर्नुहुने महान शहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै, ऐतिहासिक राजनैतिक परिवर्तन र सामाजिक परिवर्तनका सबै आन्दोलनहरुको नेतृत्व गर्ने अग्रज नेताहरुप्रति उच्च सम्मानसहित हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

२. स्थानीय तहको दोस्रो कार्यकालको नेतृत्व गर्ने अवसर प्राप्त भएसँगै सिमित बजेटलाई आर्थिक तथा सामाजिक क्षेत्रका चुनौतीहरुलाई सम्बोधन गर्न नगरभित्रका अत्यावश्यक पूर्वाधार निर्माण तथा सुधार गरी आम नागरिकमा आत्मविश्वास र आशा जगाउँदै हाम्रो २ वर्षको कार्यकाल सफलतापूर्वक सम्पन्न भएको छ ।

३. नगरवासीहरुको सुन्दर, सभ्य र समृद्ध नगरको आकांक्षालाई पुरा गर्न र आर्थिक सुधारका कार्यक्रमहरु अगाडी बढाउन दोस्रो कार्यकालको दुई वर्ष पुरा हुँदा नगर सरकारले लिएका नीति तथा सुधारात्मक कामहरुको परिणामस्वरुप सबै क्षेत्रमा सकरात्मक नतिजा देखिन थालेको छ । हामीले नगरपालिकाको कार्यभार सम्हालेको दुई वर्षको अवधिमा प्राप्त उपलब्धिहरु उत्साहजनक छन् ।

४. नगरपालिकाले भ्रष्टाचार नियन्त्रणमा शुन्य सहनशिलताको नीतिलाई परिणाममा देखिने गरी कार्यान्वयन गर्न तथा नागरिकको अविश्वास र निराशाप्रति आशा जगाउन परिणाममुखी कार्यहरु भएका छन् ।

५. नगरपालिकामा सुशासनको प्रत्याभुति जगाउन अघिल्लो कार्यकाल अर्थात आ.व. २०७४/०७५ बाट नगरपालिकाको नाममा कायम रहेको रु. २६ करोड बेरुजु रकम मध्ये रु. १५ करोड ७९ लाख ९३ हजार २ सय ३८ फच्र्यौट गरिएको छ ।

६. आ.व. २०७४/७५ देखि २०७८/७९ सम्मको तुलनामा गत आ.व. २०७९/८० मा यस नगरपालिकाको बेरुजुलाई एक प्रतिशतभन्दा कम अर्थात ०.५३% मा कायम गरिएको छ । उक्त अंक अछाम जिल्लाका १० वटा स्थानीय तहमध्ये दोस्रो स्थानमा र सुदूरपश्चिम प्रदेशका ८८ वटा स्थानीय तहमध्ये पाँचौ स्थानमा रहेको छ ।

७. पूर्वाधार विकासका आयोजनाहरुको कार्यान्वयनलाई तिब्रता दिइएको छ । संघीय सरकारसँगको समन्वयमा सघन शहरी विकास कार्यक्रम अन्तर्गत विनायक बजारभित्रको सडक निर्माणको RCC ढलानको बाटो र ९ नं. वडा कार्यालय निर्माणको लागि सघन शहरी विकास कार्यालय, डोटीबाट विद्युतीय बोलपत्र आह्वान गरी सम्झौता भइसकेको छ ।

पञ्चदेवल विनायक नगरपालिका

८. नगरपालिकाभित्रको फोहोर व्यवस्थापनका लागि गत आ.व. २०७९/८० मा डम्पिङ्ग साइटको निर्माणका लागि बहुवर्षिय टेण्डर आह्वान भई चालु आ.व. २०८०/८१ मा निर्माण कार्य समप्न हुने अन्तिम चरणमा पुगिसकेको छ र आगामी आ.व. २०८१/८२ देखि सञ्चालनमा ल्याइनेछ ।

९. नागरिकहरुको आवतजावतलाई सजिलो बनाउनका लागि नगरपालिकाको आफ्नै स्रोत-साधनहरुको प्रयोग गरी नगरपालिकाभित्रका सबै सडक सञ्जालहरुलाई मर्मत, सम्भार र सरसफाई गर्ने काम निरन्तर भैरहेको र विपद् जोखिम न्यूनिकरणका लागि आवश्यक सामाग्री र साधनहरुको यथोचित अवस्थामा राखिने गरिएको छ ।

१०. नगरपालिकाको प्रशासनिक भवन निर्माणको कार्य सम्पन्न भएको छ । साथै वडा नं. ३, ५ र ७ का वडा कार्यालय भवनहरुको निर्माण कार्य अन्तिम चरणमा पुगेको अवस्था छ र आगामी आ.व.बाट नगरपालिका र वडाहरुको काम आफ्नै प्रशासनिक भवनबाट सेवा सञ्चालन गर्ने गरी तयारी भइरहेको छ ।

११. नगरपालिका, हेल्भेटास र USAID को साझेदारीमा आ.व. २०७९/०८० र २०८०/०८१ गरी जम्मा १२०० घरधुरीमा खानेपानीको पहुँच विस्तार भएको छ र आगामी आ.व. २०८१/८२ मा ***एक घर, एक धारा कार्यक्रम*** अन्तर्गत थप १००० घरधुरीमा स्वच्छ खानेपानीको पहुँच पुर्याउने लक्ष्य लिइएको छ ।

१२. नगरपालिकाका विद्यार्थीहरुलाई उच्च शिक्षाको पहुँचमा वृद्धि गर्न आ.व. २०८०/८१ मा पञ्चदेवल क्याम्पसको आधुनिक शौचालयसहित १० कोठाको २ तले भवन निर्माणको बोलपत्र आह्वान गरि ठेक्का सम्झौता हुने चरणमा छ । साथै विद्यालय शिक्षालाई व्यवस्थित र गुणस्तरिय बनाउन टिनको छानामुक्त विद्यालय बनाउने अभियान अन्तर्गत नगरपालिकाका ६ वटा विद्यालयहरुका भवनहरुको निर्माण कार्य सम्पन्न भएको छ । सबै विद्यालयहरुलाई प्रविधिमैत्री बनाई गुणस्तरिय सिकाई प्रदान गर्नका लागि शिक्षण सिकाई अनुदानका साथै पुस्तकालय, ICT ल्याब र विज्ञान प्रयोगशालाहरु स्थापना गरी सञ्चालनमा ल्याइएका छन् ।

१३. नगरपालिकाको १० शैयाको अस्पतालको जग्गाको विवाद समाधान गरी पूर्वाधार निर्माणको काम तिब्रताकासाथ अगाडी बढेको छ । साथै, सबै स्वास्थ्य संस्था र बर्थिङ्ग सेन्टरहरुको सेवा प्रवाहलाई थप सुदृढिकरण गरेर लगिएको छ । स्वास्थ्य संस्थाहरुमा औषधि, खोप, ल्याब सेवा लगायतका स्वास्थ्य सामाग्रीको आपुर्तिमा सहज बनाई स्वास्थ्य सेवामा नागरिकको पहुँच वृद्धि गरिएको छ ।

१४. सबै नागरिकहरुको पहुँचमा विद्युत पुर्याउन विद्युत प्राधिकरणसँगको सहकार्य र समन्वयमा केन्द्रिय प्रशासरण लाइनको काम द्रुत गतिमा अगाडी बढेको छ ।

१५. नगरपालिकाका सडक सञ्जाल पहुँच वृद्धिमा यसै वर्ष नगरपालिकाका सबैभन्दा दुर्गम बस्तीहरु वडा नं. ८ को गनिउलेसम्म र वडा नं. ९ को भाटगाँउसम्म सडक सञ्जाल जोड्न सफल भएका छौं ।

१६. कृषि उपजलाई वृद्धि गर्न पालिकामा १९ वटा साना सिँचाई पोखरी र १७ वटा सिँचाई कुलो निर्माण तथा मर्मतको कार्य सम्पन्न गरिएको छ । आलु पकेट अन्तर्गत २८ जना कृषकलाई आलु खेति सम्बन्धि तालिम तथा ६ वटा प्लास्टिक पोखरी निर्माण गरिएको छ । कृषि उपजलाई भण्डारण गर्न तथा बजारिकरणमा सहजिकरण ल्याउन २० टन बराबरको शितभण्डार (Cold Store) सम्पन्न हुने चरणमा रहेको छ ।

पञ्चदेवल विनायक नगरपालिका

१७. नमुना कृषि गाँउ निर्माण कार्यक्रम अन्तर्गत पालिकामा १० जना अगुवा कृषकलाई ३ दिने मौसमि र बेमौसमी तरकारी खेतीसम्बन्धी तालिम, फलामे टनेल, प्लास्टिक, थोपा सिँचाइ सेट र बिउ वितरण गर्नुका साथै पालिकामा दर्ता भएका सबै कृषक समूहलाई प्रतिनिधित्व गर्ने गरि २२५ जना कृषकलाई तरकारी खेती सम्बन्धी स्थलगत तालिम प्रदान गरिएको छ । २७ जना कृषकलाई व्यवसायिक च्याउ खेति सम्बन्धी तालिम र आवश्यक सामाग्री वितरण गरिएको छ ।

१८. कृषि उत्पादनमा वृद्धि गर्न माटोको गुणस्तरको मापन गर्नुका साथै मानव स्वास्थ्य र पर्यावरण संरक्षणका लागि १९६ वटा माटोको नमूना परीक्षण गरिएको छ ।

१९. पशु सेवा शाखा लगायत वडा नं. ५ र ७ मा आवश्यक औषधि व्यवस्था गरी यस नगरपालिकाका सबै वडाहरुमा उपचार सेवा दिइएको छ ।

२०. यस नगरपालिकाको ६ वटा वडामा निःशुल्क पशु स्वास्थ्य शिविर र रेबिज रोगविरुद्धको खोप अभियान सञ्चालन गरी साँढे तथा बोकाको बन्ध्याकरण गर्ने, कुकुरमा रेबिज रोगविरुद्धको खोप लगाउने, अन्य पशुपन्छीहरुमा लाग्ने परजिवी रोग तथा समस्याहरुको उपचार औषधि वितरण र प्राविधिक परामर्श सेवा प्रदान गरिएको छ ।

**नगरसभाका सदस्यहरु,**

२१. जुनोटिक रोग सम्बन्धी सरोकारवालासँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्नुका साथै महामारीजन्य रोगको नियन्त्रणका लागि आवश्यक औषधि, खोप, उपकरणहरुको व्यवस्था गर्ने, नमुना संकलन, सम्प्रेषण र प्रयोगशाला परीक्षण गरी नियमितरुपमा रोगको इपिडिमियोलोजिकल रिपोर्टिङ्ग गरिएको छ ।

२२. यस नगरपालिकाको वडा नं. ९ मा सुनौलो हजार दिनका आमाहरुको पोषण सुधारका लागि १२९ जना आमालाई कुखुराका चल्ला वितरणका साथै ४१ जना कृषकलाई प्रदेश सरकारसँगको समन्वयमा बाख्राको बृहत एवं बिशेष उत्पादन कार्यक्रम सञ्चालनमा ल्याइएको छ ।

२३. भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र, मंगलसेनको समन्वयमा बाख्राको महामारी रोग पि पि आर रोगबिरुद्ध ८ हजार डोज खोप र गाइभैँसीमा लाग्ने लम्पिस्किन रोग विरुद्धको खोप पनि लगाइएको छ ।

२४. यस नगरपालिकाको वडा नं. ७ पुल्लेतोलामा बाख्रा पकेट कार्यक्रम अन्तर्गत नश्ल सुधारका लागि १२ जनालाई उन्नत जातको बोका वितरण गरिएको छ र २६ जनालाई बाख्रापालनसम्बन्धी तालिम दिइएको छ ।

२५. यस नगरपालिकाको वडा नं. ९ कालेकाँडामा पुलको लठ्ठा चुँडिदा दुर्घटनामा परी घाइते भएका १२ वटा खच्चरको उद्धार तथा उपचार गरिएको छ ।

२६. राजश्वको प्रक्षेपण शीर्षक अनुसारको राजश्व संकलन हुन नसके पनि समग्रमा राजश्व संकलन सन्तोषजनक रहेको छ ।

२७. राजश्व संकलन प्रणालिलाई अनलाइनमार्फत संकलन गर्ने कार्यलाई थप व्यवस्थित बनाउँदै लगिएको छ साथै करदाताहरुलाई सेवामा सहजताका लागि कार्यालय समय लगायत अन्य समयमा समेत सेवा प्रदान गरिरहेको छ ।

२८. सेवा ग्राहीहरुले उपभोग गर्ने वस्तुहरुको गुणस्तरका लागि बजार अनुगमन मार्फत खाद्य गुणस्तरताको सुनिश्चितता गरिएको छ ।

२९. प्रधानमन्त्री रोजगार कार्यक्रम र नगरपालिकाको साझेदारीमा रोजगार सेवा केन्द्रमा सूचीकृत ८९ जना बेरोजगार व्यक्तिहरुलाई सामुदायिक विकासका श्रमप्रधान आयोजनाहरुमा संलग्न गराई न्यूनतम १०० दिनको रोजगारीमा संलग्न गराइएको छ ।

३०. रोजगार सेवा केन्द्रबाट ***"श्रमको सम्मान राष्ट्रको अभियान"*** कार्यक्रम ९ वटै वडास्तरमा सञ्चालन गरिएको छ । रोजगारीका अवसर तथा सम्भावनाहरुको खोजी तथा सुझाव संकलन गर्न रोजगार सम्वाद मञ्चलाई क्रियाशील बनाइएको छ ।

३१. लघु उद्यम विकास कार्यक्रम अन्तर्गत १७ जना उद्यमीलाई बाख्रा वितरण गरिएको छ र १२ जनालाई दुना, टप्परी बनाउने सम्बन्धी तालिम प्रदान गरिनुका साथै दुना, टपरी बनाउने मेशिन हस्तान्तरण गरी नयाँ लघुउद्यमी सिर्जना गरिएको छ ।

३२. विद्यार्थी संख्या, शिक्षकको अनुपात र भौगोलिक आधारमा ११ वटा विद्यालय समायोजन तथा ७ वटा बालविकास केन्द्र समुदायबाट विद्यालयमा समायोजन र १५ वटा विद्यालयको तह घटुवा गरिएको छ ।

३३. नगर स्वयंसेवक शिक्षकहरुलाई खारेज गरि शिक्षण सिकाई सुधार कार्यक्रम अनुदान व्यवस्थापन कार्यविधि निर्माण गरि कार्यान्वयनमा ल्याइएको छ । सबै माध्यमिक विद्यालयहरुमा र १ वटा आधारभूत विद्यालयमा इन्टरनेट जडान गराई ई-हाजिरी मेशिन जडान गरिएको, कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम निर्माण गरिएको र कक्षा ३ देखि ८ सम्म नेपाली, गणित, अंङ्ग्रेजी र विज्ञान विषयहरुमा विद्यार्थीहरुको सिकाइ क्षमता पहिचान गरिएको छ ।

३४. आधारभूत तह कक्षा ५ र ८ को वार्षिक परीक्षा नगरस्तरीयरुपमा सञ्चालन तथा व्यवस्थापन गरी नतिजा प्रकाशन गरिएको छ ।

३५. सबै स्वास्थ्य चौकीहरुमा वर्षभरी नै आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्रदान गरि अत्यावश्यक औषधिको व्यवस्थापन तथा आपुर्ति गरिएको र विभिन्न वडाहरुमा ज्येष्ठ नागरिक घरदैलो कार्यक्रम मार्फत ज्येष्ठ नागरिक स्वास्थ्य सेवा प्रदान गरिनुका साथै गर्भवती महिलाहरुको गर्भ चेकजाँचका लागि ९ वटै वडाहरुमा अल्ट्रासाउण्ड घुम्ती शिविर सञ्चालन गरिएको छ ।

३६. सबै बर्थिङ्ग सेन्टरहरुको गुणस्तर सुधारका लागि आवश्यक औजार तथा उपकरणहरुको व्यवस्थापन गरी वडा नं. १, ४, ५, ८ र ९ का बर्थिङ्ग सेन्टरहरुमा टायलसमेत बिच्छ्याइएको छ ।

३७. पञ्चदेवल विनायक नगरपालिका र च्यारिटी हेल्थ फाउन्डेशन नेपालको सहयोगमा विनायक बजारमा आँखा उपचार केन्द्र स्थापना गरि सफलतापूर्वक सञ्चालनमा ल्याइएको छ । साथै चालु आ.व. २०८०/८१ मा निःशुल्क आँखा शिविर सञ्चालन गरी ८९ जनाको शल्यक्रिया गरिएको, ११३ जनालाई चश्मा वितरणसहित ५६१ जनाले आँखाको उपचार सेवा लिएका छन् ।

पञ्चदेवल विनायक नगरपालिका

३८. गर्भवती जटिलता भएका नगरपालिकाका २५ जना महिलाहरुलाई निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइएको छ र मातृ तथा नवजात शिशु मृत्युदर घटाउन मातृ तथा नवजात शिशु स्याहार र उपचार सेवामा विशेष प्राथमिकता दिई ***मोबाइल मेडिक कार्यक्रम*** सञ्चालनमा ल्याएर मातृ तथा नवजात शिशु मृत्युदर घटाइएको छ ।

३९. नगरपालिका स्तरीय बाल अधिकार समिति, अपाङ्गता समन्वय समिति, बालमैत्री स्थानीय शासन समन्वय समिति र बाल सञ्जाल हरुको अगुवाइमा भएका विभिन्न कार्यक्रमहरुमार्फत समाज रुपान्तरणमा महिला तथा बालबालिकाको अर्थपूर्ण सहभागितामा वृद्धि भएको छ र विभिन्न खालका हिंसामा परेका महिलाहरुलाई आवश्यक सहयोग तथा सहजिकरण गरी घर तथा समुदायमा बस्ने वातावरण सृजना गरिएको छ ।

४०. महिलाहरुलाई सिपमूलक तालिम मार्फत स्वरोजगार बनाउने उद्देश्यले २० जना महिलाहरुलाई होजियारी र गलैचा बुन्ने तालिम प्रदान गरिएको छ ।

**नगरसभाका सदस्यहरु,**

४१. सामाजिक सुरक्षा भत्ता नपाउने 'ग' र 'घ' वर्गका अपाङ्गता भएका व्यक्तिहरुलाई उपलब्ध गराएको उपचार खर्चले सामान्य दैनिकीमा केही मात्रामा भएपनि राहत तथा सहयोग पुगेको छ भन्ने महसुस गरिएको छ ।

४२. नगरस्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति र वडास्तरीय पोषण तथा खाद्य सुरक्षा सल्लाहकार समितिको सक्रियतामा सुनौला हजार दिनका बालबालिका तथा आमा र किशोरीहरुको पोषण अवस्थामा सुधारका लागि ७ वटा विषयगत क्षेत्र मार्फत सञ्चालन हुने पोषण विशेष र पोषण संवेदनशिल सेवाको पहुँच तथा उपभोगमा वृद्धि गरी पोषण अवस्थामा क्रमश: सुधार भइरहेको छ ।

४३. खानेपानी तथा सरसफाइको क्षेत्रमा सुधार तथा हरेक घरपरिवारको बानी तथा व्यवहारमा परिवर्तनका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरी खानेपानी तथा सरसफाइको क्षेत्रमा सुधार गर्दै लगिएको छ भने ५ वटा स्वास्थ्य संस्थाहरुमा बनेका पोषण कर्नर मार्फत सबै घरपरिवारमा ***हरेक बार, खाना चार*** को संदेश प्रवाह भई पोषण सुधारमा टेवा पुगेको छ ।

४४. नगरपालिकाले सञ्चालन गरेको ***एक घर, एक करेसाबारी अभियान*** अन्तर्गत सबै वडामा रहेका करिब ४१ प्रतिशत घरधुरीमा करेसाबारी निर्माण भएका छन भने जोखिम पूर्ण अवस्थामा साबुनपानीले हातधुने अभ्यासमा क्रमश: वृद्धि हुँदै गइरहेको छ ।

४५. नगरपालिकामा स्थापित आपतकालीन कार्यसञ्चालन केन्द्रको व्यवस्थापन तथा सञ्चालनलाई थप प्रभावकारी बनाइएको छ। आपतकालीन खोज, उद्धार तथा राहत कार्यलाई समन्वयात्मक रुपमा सञ्चालन गरिएको छ ।

४६. विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि नगरपालिकाको संस्थागत क्षमतालाई सुदृढ गर्दै वडा तथा समुदायस्तरमा गठित विपद व्यवस्थापन समितिको सक्रियताका लागि अभिमुखीकरण तथा कार्यदल गठन कार्य सुरुवात गरिएको छ ।

४७. नगरपालिका कार्यालय, वडा कार्यालय, स्वास्थ्य चौकीहरु र सामुदायिक विद्यालयको कामकारबाहीलाई जवाफदेही, उत्तरदायी र प्रतिस्पर्धी बनाउन साथै कर्मचारीहरुलाई उच्च मनोबलकासाथ आफ्नो काममा



पञ्चकन्या गाउँपालिका

उत्प्रेरित गर्न कार्यसम्पादन मूल्याङ्कन गरी उत्कृष्टताका आधारमा नगरपालिकाको तर्फबाट प्रोत्साहन स्वरुप कर्मचारी र शिक्षकहरुलाई नगदसहित पुरस्कृत तथा सम्मान गरिएको छ र सेवानिवृत्त हुने अस्थायी कर्मचारीहरुलाई समेत केही नगद राहतसहित सम्मानकासाथ बिदाइ गरिएको छ ।

४८. स्थानीय विकासनिर्माणलाई गुणस्तरिय र प्रतिस्पर्धी बनाउन विकास निर्माणका आयोजनाहरुमा उत्कृष्ट कार्य गर्ने उपभोक्ता समितिहरुलाई समेत नगदसहित पुरस्कृत तथा सम्मान गरिएको छ ।

४९. नगरपालिका कार्यालय, वडा कार्यालयहरु र स्वास्थ्य चौकिहरुमा रिक्त रहेका दरबन्दीहरुमा कर्मचारीहरु माग गरी प्रदेश लोक सेवा आयोगको सिफारिसमा नगरपालिका कार्यालय, वडा कार्यालयहरु, कृषि विकास शाखा र पशुसेवा शाखाका रिक्त दरबन्दीहरुमा स्थायी कर्मचारीहरुको पद्पुर्ति गरिएको छ ।

५०. पञ्चदेवल विनायक नगरपालिकाको गत आ.व. २०७९/८० को संस्थागत क्षमता स्वमूल्यांकन (LISA) को नतिजा ७५.२५% पुर्याइएको छ भने वित्तीय सुशासन जोखिम मूल्यांकन (FRRAP) मा ८२% प्रतिशत अंक प्राप्त गरी अछाम जिल्लामै प्रथम स्थान र सुदूरपश्चिम प्रदेश अन्तर्गत सातौं स्थान हासिल भएको छ ।

५१. सबै वडा कार्यालयहरु, स्वास्थ्य चौकीहरु र सबै मा.वि. लगायत १३ वटा विद्यालयहरुमा ई-हाजिरी मेशिनहरु जडान गरी नियमित हाजिरी नगरपालिकाबाटै अनुगमन तथा अद्यावधिक हुने गरी सञ्चालनमा ल्याइएको छ ।

५२. चालु आ.व. २०८०/८१ को सामाजिक सुरक्षा भत्ता को.ले.नि.का.बाट EFT प्रणालीमार्फत सिधै लाभग्राहीहरुको खातामा जम्मा गरिएको छ ।

५३. न्यायिक समितिको क्षेत्राधिकार भित्र पर्ने न्यायिक समितिमा प्राप्त विवादहरुलाई मेलमिलापको माध्यमबाट निरुपण गरी दुबै पक्षलाई सहज ढंगबाट समुदायमा मिलेर बस्ने वातावरण कायम गरिएको छ ।

५४. चालु आ.व. मा १२ वटा विवादहरु प्राप्त भएकोमा ११ वटा विवादहरु मेलमिलापको माध्यमबाट समाधान भएका छन् ।

**नगरसभाका सदस्यहरु,**

अब म पञ्चदेवल विनायक नगरपालिकाको समग्र विकास निर्माण र दिगो विकासका लक्ष्यहरु हासिल गर्न आगामी आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम यस नगरसभाको गरिमामय बैठकमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## १. आर्थिक विकासतर्फः

### क. कृषि विकास

- रैथाने बाली प्रवर्द्धनका लागि स्थानीय कृषि उपजको प्रमाणिकरण र ब्रान्डिङ्ग गरी बजारिकरणमा जोड दिइनेछ ।
- १५ रोपनी भन्दा बढि बाँझो जग्गालाई उपयोग गरि कृषि कार्य गर्ने कृषक तथा कृषक समूहलाई साना सिँचाइ, प्लास्टिक पोखरी, थोपा सिँचाइ र कृषि यान्त्रीकरणमा विशेष अनुदानको व्यवस्था

पञ्चदेवल विनायक नगरपालिका

गरिनेछ । कृषि उपजलाई बढावा दिनका लागि कृषि पकेटमा आबद्ध भई उत्कृष्ट कृषि उत्पादन गर्ने पकेट भित्रका कृषकलाई सम्मान गरिनेछ ।

- विद्यालय दिवा खाजालाई प्रभावकारी बनाउन र स्थानीय स्तरमा कृषि उत्पादन अभिवृद्धि गर्न कृषकद्धारा उत्पादित तरकारी विद्यालय दिवा खाजाका लागि बिक्री गर्ने कृषकको उत्प्रेरणा स्वरुप प्रति के.जी. रु. ५ का दरले अनुदान उपलब्ध गराइनेछ ।

- कृषि विकास शाखामा माटो तथा मल परीक्षण प्रयोगशाला सेवा सञ्चालनमा ल्याउने र सबै वडामा माटो परीक्षण गरी सुहाउँदो बाली लगाउन किसानलाई सल्लाह प्रदान गर्नुका साथै कृषि उत्पादनका अवसरको सम्बन्धमा विशेष गरि फलफूलमा स्थलगत अध्ययन अनुसन्धान गरिनेछ ।

- कृषकलाई व्यवसायीमुखी बनाउन कृषि नमुना गाँउ निर्माण कार्यक्रम, व्यावसायिक च्याउ खेती प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता र व्यावसायिक मौरीपालन जस्ता कार्यक्रमलाई विशेष जोड दिईनेछ । कृषकलाई प्रोत्साहन गर्न बिउबिजन र बालि संरक्षण जस्ता वितरणमुखी कार्यक्रम अनुदानमा उपलब्ध गराउनुका साथै आवश्यकताका आधारमा स्थलगत तालिम गरिनेछ ।

**ख. पशुपालन**

- पशुपालनका लागि दर्ता तथा नविकरण भएका सक्रिय फार्म, समूह, तथा सहकारीसँगको साझेदारीमा युवा-लक्षित पशुपालन कार्यक्रमलाई जोड दिने र आवश्यकताका आधारमा तालिम प्रदान गरिनेछ ।

- नश्ल सुधारका लागी व्यवसायीक फार्म तथा समूहलाई उन्नत जातको बोका तथा राँगो खरिदका लागि अनुदान दिइनेछ । मध्यपहाडी राजमार्ग आसपासका वडाहरुमा सम्भाव्यताका आधारमा कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालन गरिनेछ । पशुपन्छीमा लाग्ने महामारी रोग विरुद्ध रोकथामका लागी खोपको व्यवस्था गरिनेछ ।

- पशु सेवा शाखामा आधारभूत प्रयोगशाला सेवा सञ्चालन गरी पशुको नियन्त्रणको लागि नियन्त्रणका सामग्रीको व्यवस्था गर्नुको साथै पशुपन्छीमा लाग्ने महामारी रोग विरुद्ध खोप तथा औषधिको उपलब्धता गराईनेछ ।

- ***एक वडा, एक उत्पादन कार्यक्रम*** औचित्यको आधारमा सञ्चालन गरी सबै समुदायको आर्थिक उत्थानका लागी आवश्यकताका आधारमा पशुपन्छी पालनमा ८० प्रतिशत अनुदान दिइने व्यवस्था गरिनेछ ।

- यस नगरपालिकाको वडा नं ९ कालेकाँडामा प्रदेश सरकारसँगको समन्वयमा ***सामुदायीक पशु सेवा केन्द्र*** स्थापना गरि प्राविधिक सेवा सुचारु गर्नुका साथै चिसो पानीमा पालन गरिने रेन्बो ट्राउट माछा पालनको लागि आवश्यक अध्ययन गरिनेछ ।

- सेवाको पहुँचबाट टाढा रहेका वडाहरुमा प्राविधिक सहितको उपचार सेवा सुचारु गर्न कर्मचारीको क्षमता अभिवृद्धीका लागी आवश्यक व्यवस्था गरिनेछ ।

पञ्चेश्वर विनायक नगरपालिका

- परम्परागत कृषि प्रणालीलाई आधुनिक कृषि प्रणालीमा रुपान्तरण गर्न नयाँ आधुनिक फार्म तथा स्रोतकेन्द्रहरुमा कृषक अवलोकन भ्रमण गराइनेछ ।

- पशुपालनमा उत्पादन लागत कम गर्न घाँसमा आधारित पशुपालन कार्यक्रमलाई जोड दिनुका साथै बिपन्न परिवारको पोषण स्थिती सुधारका लागी रैथाने कुखुराको चल्ला वितरण गरिनेछ ।

- विद्यालय दिवा खाजालाई थप प्रभावकारी बनाउन गाँउघरमा पशुपालक कृषकले पालन गरेका खसी, बाख्राको मासु र उत्पादन गरेको दुध तथा दुग्धजन्य पदार्थ विद्यालयमा बिक्री गरेबापत कृषकलाई प्रति के.जी./लिटर रु. १० का दरले अनुदान दिइने व्यवस्था गरिनेछ ।

- पशुपन्छी बिमा प्रवर्द्धन कार्यक्रम लागु गरिनेछ ।

**ग. पर्यटन**

- रारा जाने पर्यटकहरुलाई पञ्चदेवल हुँदै रामारोशनसम्म पुर्याउन रामारोशन पर्यटन क्षेत्र विकास समितिसँग सहकार्य गरी बेलखेत प्रवेशद्धार र आसपासमा वाल पेन्टिङ्ग र फ्लेक्स ब्यानरहरु राखी पर्यटन क्षेत्रको प्रचार-प्रसार गरिनेछ ।

**घ. रोजगार**

- रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिहरुको प्राथमिकीकरणको आधारमा श्रमप्रधान सामुदायिक विकास आयोजनामार्फत् न्यूनतम रोजगारी सुनिश्चित गरिनेछ । आयोजनामा संलग्न श्रमिकलाई कार्यस्थलमा आधारित सीपमूलक तालिममा संलग्न गराई क्षमता विकासमा जोड दिइनेछ ।
- रोजगार सेवा केन्द्रबाट एकीकृत श्रम तथा रोजगार सेवा उपलब्ध गराइनुका साथै स्थानीय स्तरमा रोजगारीका अवसर तथा सम्भावनाहरुको खोजी गर्न रोजगार सम्वाद मञ्चलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ । ***श्रमको सम्मान, राष्ट्रको अभियान कार्यक्रम*** लाई समुदायस्तरसम्म विस्तार गरिनेछ ।

**ङ. उद्धम विकास**

- उद्यम विकासका लागि सामाजिक परिचालन, उद्यमशिलता विकास तालिम, सिप विकास तालिम वित्तीय सेवामा पहुँच, बजारिकरण र व्यवसायिक परामर्श सेवा समेतको एकिकृत सेवा प्रदान गरि लघु उद्यमको सृजना र स्तरोन्नती गरिनेछ ।

- लघुउद्यमीबाट उत्पादित वस्तु वा सेवाको दिगो बजारीकरणका लागि लघुउद्यमी समुह, सहकारी र खरिद गर्ने संस्था, समुदाय वा व्यक्तिसँग सम्पर्क र समन्वय गरिनुका साथै यस नगरपालिकाभित्र नयाँ-नयाँ वस्तु उत्पादन र विक्रिवितरणका लागि प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

- नगरपालिकामा लघु उद्यम विकास तालिम अन्तर्गत हाते होजियारी, साबुन बनाउने, दुना टपरी बनाउने सम्बन्धी तालिम लिईसकेका उद्यमीहरुलाई स्तरोन्नती गरिनुका साथै लघु, घरेलु तथा साना

पञ्चदेवल विनायक नगरपालिका

उद्यमीलाई आवश्यकता र मागका आधारमा ज्ञान तथा सिप आदान-प्रदानका लागि अन्तर जिल्ला, अन्तर स्थानीय तह भ्रमण, अनुगमन र अवलोकन गराइनेछ ।

**नगरसभाका सदस्यहरु,**

**२. सामाजिक विकासतर्फः**

**क. शिक्षा**

- विद्यार्थीहरु र शिक्षकको अनुपात र भौगोलिक आधारमा विद्यालय समायोजन र कक्षा थपघटको साथै प्रत्येक शैक्षिक सत्रको चैत्र महिना भित्र दरबन्दी मिलानको कार्य गरिनेछ ।

- विद्यालयमा प्रयोग हुने दिवा खाजाको मेनु स्थानीय बढी उत्पादन खाद्य सामाग्रीहरुको आधारमा तयार गरि विद्यार्थीको दिवा खाजालाई प्रभावकारीरुपमा सञ्चानलन गर्न कक्षा १ देखि ५ सम्म कम्तिमा तीन सय जना विद्यार्थीहरु भएमा भान्से नभएका माध्यमिक विद्यालयमा एक जनाको लागि अनुदानको व्यवस्थापन गरिनेछ ।

- शैक्षिक गुणस्तर र व्यवस्थापन मापनको मापदण्ड बनाई उत्कृष्ट विद्यालय, प्रधानाध्यापक, शिक्षक र विद्यार्थी छनोट गर्न मापदण्ड बनाई उत्कृष्ट हुने एक विद्यालय, प्रधानाध्यपक, शिक्षक र विद्यार्थीलाई नगदसहित प्रमाण-पत्र प्रदान गरिनुका साथै उत्कृष्ट कार्य नगरपालिकाको वेब साइट तथा अन्य प्रोफाइलहरुमा समावेश गरिनेछ ।

- विद्यालयहरुमा कक्षाकोठा व्यवस्थापनका लागि आवश्यक फर्निचरको व्यवस्थापन गरिनेछ ।

- शिक्षण सिकाइ सुधार कार्यक्रम अनुदानलाई निरन्तरता दिइनेछ ।

- गणित, विज्ञान र अंग्रेजी विषयमा शून्य दरबन्दी भएका आधारभूत तथा माध्यमिक विद्यालयहरुका लागि १ जना शिक्षकको व्यवस्थापन गरिनेछ ।

- विद्यालयहरुको भौतिक पूर्वाधार क्रमशः टिनको पातारहित बनाइनेछ ।

- नगरस्तरीय खेलकूदको लागि नगर खेलकूद विकास समिति गठन गरी उक्त समितिमार्फत सबै खेलहरु सञ्चालन गरिनेछन् ।

- स्थानीय पाठ्यक्रम अन्तर्गत कक्षा १ देखि ८ सम्मको पाठ्यपुस्तकको मस्यौदा तयार गरिनुका साथै आधारभूत तह कक्षा ५ र ८ को वार्षिक परीक्षालाई मर्यादित र व्यवस्थितरुपमा सञ्चालन गरिनेछ ।
- विद्यालय व्यवस्थापन समिति, शिक्षकहरु तथा अभिभावकहरुको लागि क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

**ख. स्थानीय स्वास्थ्य सेवा**

- आधारभूत र आकस्मिक स्वास्थ्य सेवा, स्वास्थ्य संस्थाहरुबाट न्यूनत्तम स्वास्थ्य सेवा मापदण्डको आधारमा गुणस्तरीय र नि:शुल्क बनाईनेछ । स्वास्थ्य संस्थाहरुमा अत्यावश्यक औषधि र उपकरणहरुको आपूर्ति, ल्याब सेवाको गुणस्तर सुनिश्चित गर्न ल्याब सामाग्रीहरुको व्यवस्थापन

गरिनुका साथै औषधि, सेवा प्रवाहको गुणस्तर, व्यवस्थापन, सरसफाई समेतका आधारमा स्वास्थ्य संस्थाहरुको त्रैमासिक मूल्याङ्कन गरी प्रोत्साहन गरिने छ ।

- नगरवासीहरु सबैलाई समेट्ने गरी विभिन्न ठाउँहरुमा पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर, आङ खस्ने, आँखा, नाक, कान र घाँटी सम्बन्धि निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरी उपचारको प्रबन्ध मिलाईने छ ।

- महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुले पाउने प्रोत्साहन भत्तालाई निरन्तरता दिँदै नागरिकहरुमा नसर्ने रोगको प्रकोप बढ्दै गईरहेको अवस्थालाई नियन्त्रण तथा रोकथामका लागी जनचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरी उपचारको प्रबन्ध मिलाईने निति लिइनेछ ।

- पञ्चदेवल विनायक नगरपालिकामा स्थापना भएको आँखा उपचार केन्द्रबाट प्रवाह हुने सेवालाई थप व्यवस्थित र गुणस्तरीय बनाईनेछ । प्रसुति तथा सुरक्षित गर्भपतन जटीलता भएका महिलाहरुलाई निःशुल्क एम्बुलेन्स सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिइने छ । यसका साथै आमा र बच्चाको स्वास्थ्य अवस्था र मातृ तथा नवजात शिशु मृत्युदर घटाउन मातृ तथा नवजात शिशु स्याहार र उपचार सेवा लगायत ग्रामीण अल्ट्रासाउण्ड घुम्तिसेवा कार्यक्रमलाई विशेष प्राथमिकतामा राखेर थप व्यवस्थित गरिने र तोलीको बान्नेमा बर्थिङ सेन्टर थप गरी सञ्चालनमा ल्याइनेछ ।

- विशेषज्ञ सहितको स्वास्थ्य सेवा प्रदान गर्न अस्पताल सञ्चालन गरिनेछ ।

### ग. बहुक्षेत्रीय पोषण

- नगरपालिकाले सञ्चालन गर्ने सबै कार्यक्रममा पोषणलाई मुल प्रवाहिकरण गरी सुनौला हजार दिनका आमा तथा बालबालिका र किशोरीहरुको पोषण अवस्था सुधारका लागि बहुक्षेत्रीय पोषण योजना कार्यक्रमलाई निरन्तरता दिदै पालिकालाई आगामी ५ वर्ष भित्र पोषणमैत्री पालिकाको रुपमा विकास गरिनेछ ।

- नगर पालिकामा रहेका सबै स्वास्थ्य संस्थाहरुमा सूचकका आधारमा मूल्याङ्कन गरी पोषणमैत्री स्वास्थ्य संस्थाको रुपमा विकास गर्दै लगिनेछ भने नगरपालिकामा शुद्ध खानेपानी र सरसफाइको अभियानलाई विशेष महत्वका साथ सञ्चालन गरी नागरिकको स्वास्थ्य तथा पोषण अवस्थालाई सुधार गर्दै लगिनेछ ।

- ***एक घर, एक करेसाबारीको अभियान*** मार्फत हरेक सुनौला हजार दिनका घरपरिवारमा अनिवार्य करेसाबारी निर्माण गर्ने र वार्षिक रुपमा हरेक घरपरिवारमा एक फलफूलको बिरुवा अनिवार्य रोप्ने कार्यको थालनी गरी पोषण तथा खानपानमा सुधार गर्दै लगिनेछ साथै पशुपन्छी जन्य स्रोतको उपभोग बढाउनका लागि विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

- पालिकामा रहेका सबै विद्यालयहरुमा स्थानीय स्तरको दिवा खाजालाई निरन्तरता दिइनेछ साथै सबै विद्यालयहरुमा प्याकिङ्ग खाजाहरुलाई निरुत्साहित गर्दै ***जङ्कफुड निषेधित विद्यालय*** बनाउने नीति अवलम्बन गरिनेछ ।

पञ्चदेवल विनायक नगरपालिका

## घ. खानेपानी तथा सरसफाइ

- नगरपालिका र दातृ निकायहरु हेल्भेटास र USAID को साझेदारीमा आगामी आ.व. २०८१/८२ मा थप १००० घरधुरीमा बहुउपयोगी खानेपानी निर्माण कार्यलाई अगाडी बढाइने छ ।

- पालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता ऐन र दिगो विकास लक्ष्य नं. ६ बमोजिम सन २०३० सम्म सबैका लागि दिगो र सुरक्षित खानेपानीको आपुर्ति व्यवस्था सुनिश्चित गर्न निर्माण गरिने खानेपानी योजनाहरु ***एक घर, एक धारा*** को नीति र अवधारणा बमोजिम काम गरिने छ ।

- खानेपानी योजनाहरुको दिगो व्यवस्थापन अहिलेको प्रमुख चुनौतिका रुपमा रहेको छ । यो समस्या समाधान गरी उपभोक्ताहरुमा योजनाको अपनत्वको भावना विकास गरि योजनाको दिगोपना र सुचारुपनको व्यवस्थापन गर्न पालिकामा ***खानेपानी तथा सरसफाइ इकाई स्थापना र सम्पर्क व्यक्तिको व्यवस्थाका साथै नगरभित्रै पनि परीक्षण प्रयोगशाला स्थापना गरी गुणस्तर परीक्षण*** को व्यवस्था मिलाइने छ ।

- सबैखाले खानेपानी, सिँचाइ तथा बहुउपयोगी लगायतका जलस्रोतसँग सम्बन्धित योजनाहरुको सञ्चालन तथा व्यवस्थापकीय अवस्था अद्यावधिक गरी सबै समितिहरुलाई ***खानेपानी सरसफाई तथा स्वच्छता ऐन बमोजिम दर्ता एवं अद्यावधिक र नविकरण गर्ने व्यवस्था मिलाई पालिकास्तरमा N-WASH Plan मार्फत खानेपानी सरसफाई तथा स्वच्छता क्षेत्रको सूचना व्यवस्थापन प्रणाली*** स्थापना गरिनेछ ।

- जैविक विविधता तथा वातावरण संरक्षण सम्बन्धी आवश्यक नीति तथा कानुनको निर्माण गरी सोही अनुसार ***जलाधार क्षेत्रको विकास तथा जैविक विविधता संरक्षण गर्दै पानीका स्रोतहरुको संरक्षण तथा पुनर्भरण*** अभियान सञ्चालन गरिने छ ।

- योजनाको दिगोपनाका लागि पानी महसुल संकलन महत्वपूर्ण पक्ष हो । त्यसैले, ***उत्पादन र प्रयोग गरौं खेर गएको पानी, करेसाबारी प्रवर्द्धन, स्वच्छता र आम्दानी*** भन्ने नारा तयार गरी नीजि धारा निर्माण भएका टोलमा ***एक घर, एक करेसाबारी अभियान*** सञ्चालन गरिने छ ।

- नगरपालिकाका धार्मिक स्थलहरुको फोहोर व्यवस्थापन गर्न र पर्यटन प्रवर्द्धन गर्न धार्मिक स्थलहरुमा सार्वजनिक शौचालय निर्माण कार्यलाई प्राथमिकता दिइनेछ भने राती समेत पुजाआजा हुने महत्वपूर्ण धार्मिक स्थलहरु मष्टामाडौं, कुइकेल्ले माई मन्दिर र साँचुल्ला जालपादेवी मन्दिरमा सोलार बत्ती जडान गरी उज्यालोको प्रबन्ध गरिनेछ ।

## ङ. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक

- लैंगिक समानता, महिला सशक्तिकरण र सामाजिक समावेशीकरणलाई बलियो बनाउन विकासका सबै क्षेत्रमा लैंगिक उत्तरदायी बजेट विनियोजन पद्धतीलाई तीनै तहको सरकारमा संस्थागत गर्ने राज्यको नीति अनुसार यस नगरपालिकामा पनि स्थानीय विकासका हरेक क्षेत्रमा लैंगिक उत्तरदायी बजेट (GRB) को निर्माणलाई प्राथमिकता दिइनेछ ।

- स्थानीय सरकारद्वारा सञ्चालन हुने योजना तथा कार्यक्रमलाई लैंगिक समानता र सामाजिक समावेशीकरणमैत्री बनाउन, संवैधानिक एवं कानुनी प्रावधान पुरा गर्न, राज्यले अन्तराष्ट्रिय स्तरमा

गरेका प्रतिवद्धता अनुरुप कार्य पुरा गर्न एवं स्थानीय तहमा लैंगिक तथा सामाजिक समावेशी विकासलाई प्रवर्द्धन गर्न लैंगिक समानता र सामाजिक समावेशीकरण परीक्षण (GESI Audit) अनिवार्य गरिनेछ ।

- ***महिला सँग नगर प्रमुख कार्यक्रम*** मार्फत महिलाहरुको क्षमता विकास तथा नेतृत्व विकास कार्यक्रम सञ्चालन गरिनेछ भने महिला हिंसाका घटनाहरुलाई कानुनको दायरामा ल्याई महिला हिंसालाई शुन्यमा झार्न पहल गरिनेछ ।

- ***जेष्ठ नागरिक सँग नगर उप-प्रमुख कार्यक्रम*** मार्फत जेष्ठ नागरिकहरुको घरदैलोमै स्वास्थ्यको आधारभूत परीक्षण गरी औषधी वितरण गर्ने व्यवस्था गरिनेछ ।

- बालमैत्री स्थानीय शासन बनाउन बालबालिकाहरुको नगर प्रोफाइल निर्माण गरिनुका साथै वडा नं. २ लाई आगामी वर्ष बालमैत्री वडा घोषणा गरिनेछ र क्रमशः बाँकी वडाहरुमा समेत बालमैत्री सम्बन्धी आवश्यक विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

- सामाजिक सुरक्षा भत्ता नपाउने 'ग' र 'घ' वर्गका अपाङ्गता भएकाहरुलाई वार्षिक रुपमा दिइदै आएको उपचार खर्चलाई निरन्तरता दिइनेछ । साथै एच. आइ. भी. एडसबाट संक्रमित भई नियमित ए.आर.टी. सेवन गरिरहेका व्यक्तिहरुका लागि नगरपालिकामा ***ए.आर.टी. केन्द्र*** स्थापना गरी ए.आर.टी सेवनलाई सहज बनाइनेछ भने समुदायमा खुलेर ए.आर.टी.सेवन गर्नेहरुको पोषण सुधारका लागि आवश्यक सहयोग गरिनेछ ।

- एकल महिला, अपाङ्गता भएका, एच.आइ.भी संक्रमित र गरीब तथा बिपन्न महिलाहरुलाई सिपमूलक तथा आयमूलक कार्यक्रममार्फत आत्मनिर्भर बनाउँदै लगिनेछ भने किशोरीहरुलाई सुरक्षित वातावरणको महसुस तथा आत्मसुरक्षा सम्बन्धी तालिम सञ्चालन गरिनेछ । सामुहिक रुपमा किशोरीहरुलाई समूह मार्फत किशोरी समुह तथा सञ्जाल बनाई सक्रिय रुपमा सञ्जाल परिचालन गरी घर तथा समुदायमा किशोरीमैत्री वातावरण बनाइनेछ ।

- बालविवाह, बहुविवाह, बालश्रम, महिला हिंसा, जातिय छुवाछुत र छाउपडी कुप्रथा जस्ता सामाजिक विकृतीहरु न्यूनिकरणका लागि विभिन्न सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

**नगरसभाका सदस्यहरु,**

**३. पूर्वाधार विकासतर्फः**

- नगरपालिकाको प्रशासनिक भवनको घेराबार निर्माण गरिनुका साथै ईलाका वन कार्यालयको नाममा रहेको जग्गा र भवन प्राप्तिका लागि आवश्यक काम गरिनेछ ।

- नगरपालिकामा निर्माणाधिन १० शैयाको अस्पतालको निर्माण कार्य द्रुत गतिमा अगाडी बढाइनेछ ।

- आफ्नै भवन नभएका कुईका र तोली स्वास्थ्य चौकीका भवन निर्माणका लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।

पञ्चदेवल विनायक नगरपालिका

- सघन शहरी विकास मार्फत टेण्डर भइसकेको विनायक बजारको RCC ढलानको सडक र ऐतिहासिक पञ्चदेवल सम्पदाको संरक्षणको कामलाई समयमै सम्पन्न गर्न आवश्यक पहल गरिनेछ ।

- टिनको छानामुक्त विद्यालय बनाउने अभियान अन्तर्गत पञ्चदेवल क्याम्पस र नगरभित्रका जीर्ण वा पक्की भवन नभएका विद्यालयहरुको भवन निर्माण कार्यलाई प्राथमिकता दिइनेछ ।

- नगरपालिकाभित्र कृषकहरुको कृषि उपजलाई भण्डारण र व्यवस्थापन गर्न कोल्ड स्टोरको निर्माण कार्य सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ ।

- आगामी आ.व. २०८१/८२ मा नगरपालिका अन्तर्गतका सबै वडा कार्यालयहरुको भवन निर्माण कार्य सम्पन्न गरी आफ्नै भवनबाट सेवा सञ्चालन गरिने प्रबन्ध मिलाइनेछ ।

- नगरपालिकाका ९ वटै वडा कार्यालयसम्मको सडकलाई नियमितरुपमा मर्मत सम्भार गरी सञ्चालनमा ल्याइनेछन् र नगरपालिकाका दुर्गम बस्तीहरु कोसेडी, तामकोट र भानाकोटमा सडक सञ्जाल जोड्न विशेष पहल गरिनेछ ।

- विद्युतको केन्द्रीय प्रशारण लाइन विस्तार कार्य द्रुत गतिमा अगाडी बढाई आगामी आर्थिक वर्षभित्रै सबै वडाहरुमा केन्द्रिय विद्युत प्रशारण लाइन जोड्ने काम सम्पन्न गर्ने गरी ठेकेदारसँग समन्वय र सहकार्य गरिनेछ ।

### ४. वन, वातावरण तथा विपद् व्यवस्थापनतर्फ

- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाका आधारमा पालिकाको संस्थागत क्षमता विकास, अल्पीकरण आयोजनाहरुको निर्माण, जीर्ण संरचनाहरुको प्रबलीकरण, सूचना प्रणालीको विकास, जोखिम नक्सांकन, उद्धारकर्मी तथा स्वयंसेवक व्यवस्थापन आदि कार्यमा जोड दिइनेछ ।

- स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्रलाई सूचना र स्रोतपूर्ण बनाई प्रभावकारी रुपले सञ्चालन तथा व्यवस्थापन गरिनेछ । आपतकालीन खोज, उद्धार, राहत तथा पुनर्स्थापनाका क्रियाकलापहरुलाई प्रभावकारी रुपले सञ्चालन गरिनेछ ।

- पालिकामा रहेका सामुदायिक वनहरुको उचित व्यवस्थापन गरी भूसंरक्षण, जैविक विविधता तथा वातावरणीय संरक्षणमा जोड दिइनेछ ।

### ५. संस्थागत विकास, सेवा प्रवाह र सुशासन

#### क. संस्थागत विकास

- भ्रष्टाचार विरुद्ध शून्य सहनशिलता नीतिको अवलम्बन गरिनेछ । भ्रष्टाचार र अनियमित कार्यलाई कडाईका साथ नियन्त्रण गर्दै पारदर्शिता र जवाफदेहि प्रणालीलाई सुदृढ गरिनेछ । आगामी आ.व. २०८१/८२ देखि नगरपालिकामा शून्य बेरुजुको नीति अवलम्बन गरिनेछ र नगरपालिकाको नाममा अब कायम रहेको बाँकी रु. ११ करोड ६६ लाख ४० हजार बेरुजु सम्बन्धित विषयगत शाखा, व्यक्ति, संघ-संस्था, फार्म र कर्मचारीहरुलाई जिम्मेवार बनाई बेरुजु फर्छ्यौटको काम निरन्तर अगाडी बढाइनेछ ।

पञ्चेदवल विनायक नगरपालिका

- आगामी आ.व. २०८१/८२ मा पञ्चदेवल विनायक नगरपालिकाको संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA), वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRRAP) र प्राकृतिक स्रोत तथा वित्त आयोगको मूल्याङ्कन सूचकहरुमा व्यापक छलफल गर्दै र विशेष प्राथमिकता दिएर आवश्यक कार्यसम्पादन बलियो बनाउँदै अन्तिम नतिजामा सुधार ल्याइनेछ ।

- स्थानीय विकास प्रक्रियामा टोल तथा बस्ती स्तरबाट नै सबै नागरिकहरुको सहभागिताको सुनिश्चित गर्दै समाजको आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक लगायत विकासका सबै पक्षमा दिगोपना र अपनत्व सृजना गर्न नगपालिकाका सबै वडाहरुमा टोल विकास संस्थाहरु गठन गरी परिचालन गरिनेछन् ।

- नगर प्रहरी सम्बन्धी आवश्यक नीति, कानुन तथा मापदण्ड तयार गरी नगर प्रहरीको गठन, सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।

**ख. क्षमता विकास र सार्वजनिक सेवा प्रवाह**

- नगरपालिकाको क्षमता विकास योजना तयार गरी नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको कामलाई बढी पारदर्शी, जवाफदेही र सेवाग्राहीमैत्री बनाउन उत्प्रेणात्मक तथा सकारात्मक सोच सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने र सम्बन्धित विभिन्न विषयक्षेत्रमा क्षमता विकास अभिवृद्धि गर्न तालिम, प्रशिक्षण, सेमिनार, गोष्ठी र अभिमुखिकरण लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

- ***मेयरसँग नागरिक*** र ***हेलो मेयर*** कार्यक्रम सञ्चालन गरी नगरवासीको गुनासो सुन्ने परिपाटीको विकास गर्न गुनासो व्यवस्थापन प्रणालीको व्यवस्था मिलाइनेछ ।

- नगरपालिका कार्यालय लगायत वडा कार्यालयहरु र स्वास्थ्य चौकीहरुबाट प्रवाह गरिने सेवाहरुलाई चुस्त, दुरुस्त र जनमुखी बनाउन '***इमान्दार कर्मचारी, स्वच्छ प्रशासन र नागरिक मैत्री सेवा प्रवाह***' भन्ने नारालाई व्यवहारिक रुपमा लागु गर्दै कर्मचारीहरुलाई उच्च मनोबलकासाथ आफ्रो सेवाप्रति दृढ र अभिप्रेरित गर्न विशेष प्रोत्साहनका कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

- नगरपालिकाबाट प्रवाह हुने सेवा प्रभावकारी तथा जनमैत्री बनाउन कार्यपालिका तथा विषयगत समितिहरुलाई जिम्मेवार र क्रियाशिल बनाईने छ ।

- वडा कार्यालयहरुबाट सम्पादन गरिने दर्ता/चलानी, सिफारिस सेवा, राजश्व संकलन, व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा विवरण दर्ता र नविकरण लगायत  सबै सेवा सुविधालाई पूर्णरुपमा विद्युत्तीय प्रणालीबाट सञ्चालन गरिने व्यवस्था गरिनेछ ।

- नगरपालिकाको भौतिक सम्पत्तीको उचित व्यवस्थापन गर्दै पुराना र मर्मत गर्न नसकिने वा बढी खर्च लाग्ने सामाग्रीहरुको लिलाम बिक्री गर्ने नीति लिइनेछ ।

- नगरमा कार्यरत अस्थायी तथा करार कर्मचारीहरुका लागि सामाजिक सुरक्षा कोषको व्यवस्था गरिनेछ ।

पञ्चदेवल विनायक नगरपालिका

- सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई थप सहज, प्रभावकारी, प्रविधिमैत्री र लाभग्राहीमैत्री बनाईनेछ ।
- न्यायिक समितिको क्षमता विकास सँगै न्यायिक समिति र सूचिकृत मेलमिलाप कर्ताहरुका लागि अध्ययन अवलोकन भ्रमण सञ्चालन गरी न्यायिक सेवालाई थप प्रभावकारी र व्यवस्थित गर्दै लगिनेछ ।
- न्यायिक सचिवालय र न्यायिक इजलास स्थापना गरी न्याय सम्पादनलाई प्रभावकारी बनाइनेछ भने नगरपालिका र वडा स्तरमा मेलमिलाप केन्द्र स्थापना गरी मेलमिलाप कर्ता मार्फत न्याय सम्पादन गरिनेछ ।

**ग. सूचना तथा सञ्चार प्रविधि**

- नगरपालिकाको समग्र सूचना प्रविधिको विकासका लागि सूचना प्रविधि नीति तयार गरी लागु गरिनेछ साथै सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित राष्ट्रिय तथा अन्तराष्ट्रिय नीतिहरुको अध्ययन गरी नविन प्रयोग र अनुप्रयोगहरुको खोज गर्दै स्थानीय आवश्यकता अनुसार स्थानीयकरण गर्न पहल तथा प्रयास गरिनेछ ।
- स्थानीय तहमा सूचना प्रविधि पूर्वाधारको विकास गर्ने, कार्यालयमा स्थापित उपकरणहरुको व्यवस्थापन गर्ने र सूचना प्रविधिको उच्चतम प्रयोग गर्ने/गराउने कार्यलाई निरन्तरता दिंदै विद्युतीय शासन स्थापनाका लागि आवश्यक उपकरण र उपायहरुको अध्ययन गरी पुरै पालिका अन्तर्गत सबै वडाहरु लगायत अन्य संघ-संस्थाहरुमा सूचना प्रविधिको पहुँच/कनेक्टिभिटीको विस्तार गरिनेछ ।
- सबै सामुदायिक विद्यालयहरुमा इन्टरनेट जडान गर्ने र ई–हाजिरी मेशिन जडान गर्ने कार्य सम्पन्न गरिनेछ ।
- NTFiber, मोबाइल नेटवर्क, 4G नेटवर्क र टेलिफोन सेवाको विस्तारका लागि नेपाल टेलिकम र नेपाल दुरसञ्चार प्राधिकरणसँग विशेष समन्वय गरि काम अगाडी बढाइनेछ ।

**घ. राजश्व सुधार, नीजि क्षेत्र र लगानीको वातावरण**

- नगरपालिकाको राजश्व परामर्श समितिको काम कारबाहीलाई थप प्रभावकारी बनाउँदै राजश्व सुधार योजना तयार गरी कार्यान्वयन गरिनेछ भने नगरपालिकाले संकलन गर्ने राजश्वलाई व्यवस्थित गरी करका दायरा तथा दरहरुलाई फराकिलो गर्दै लगिनेछ ।
- कर्णाली नदी किनारमा रहेको बालुवा, गिट्टी तथा सार्वजनिक क्षेत्रमा रहेको ढुङ्गा उत्खननका लागि समयमै ठेक्का आह्वान गरी आन्तरिक स्रोत परिचालन मार्फत आन्तरिक राजश्व वृद्धि गरिनेछ ।
- नगरपालिका क्षेत्रमा सञ्चालनमा रहेका सबै प्रकारका व्यवसायहरुलाई नगरपालिकामा आबद्धता तथा दर्ता र नवीकरणको प्रक्रियालाई अनिवार्य गरि त्रैमासिक रुपमा अनुगमन गर्ने नीतिलाई अवलम्बन गरिनेछ भने नगर क्षेत्रमा रहेका निजि तथा सरकारी घरहरु बहालमा रहेकोमा बहाल कर तिर्नुपर्ने व्यवस्थालाई अनिवार्य गरिनेछ । साथै, नगर उद्योग वाणिज्य संघ सँगको समन्वयमा व्यापार व्यवसायलाई व्यवस्थित गर्न विशेष पहल गरिनेछ ।

- नीजि क्षेत्रलाई आकर्षित गर्न सार्वजनिक, नीजि तथा साझेदारी नीतिको अवलम्बन गरि नीजि क्षेत्रलाई लगानीको वातावरण सृजना गर्न साझेदारी मार्फत विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछन् र बाह्य लगानी थप आकर्षित गर्न लगानीमैत्री वातावरण सृजना गरिनेछ ।

- नगरपालिकामा काम गर्ने विभिन्न नीजि क्षेत्र तथा साझेदार निकायहरुलाई समुदायको आवश्यकतामा आधारित कार्यक्रम सञ्चालन गर्न नीतिगत व्यवस्था गरी एकद्धार प्रणाली मार्फत काम गर्ने वातावरण सृजना गरिनेछ ।

- नगरपालिकामा रहेका सबै विषयगत सहकारीहरुको अनुगमन गरी नियमानुसार सञ्चालनमा नरहेका र अव्यवस्थित ढंगबाट सञ्चालनमा रहेका सहकारीहरुलाई कानुनको दायरामा ल्याउन आवश्यक कार्यको थालनी गरिनेछ भने नियमानुसार सञ्चालनमा रहेका सहकारीहरुको प्रवर्द्धनका लागि विभिन्न क्षमता विकास कार्यक्रमहरु सञ्चालन गरी विकास निर्माणका कार्यमा साझेदारी गरी काम गर्ने व्यवस्था मिलाइनेछ ।

अन्तमा, यस नगरपालिकाको विकास र समृद्धिका लागि अख्तियार गरेको आ.व. २०८१/८२ को प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनका लागि सम्वद्ध सबै नगरवासी आमाबुबा, दाजुभाई तथा दिदीबहिनीहरुको साथ सहयोग र सहभागिताको हार्दिक अपेक्षा राख्दै प्रस्तुत नीति तथा कार्यक्रम छलफलत तथा पारितका लागि यस सम्मानित नगरसभामा पेश गर्दछु ।

**धन्यवाद ।**

पञ्चदेवल विनायक नगरपालिका